annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३१३ पृष्ठ ८ | काठमाडौं, मंगलबार ५ चैत २०८१ | चैत्र कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४५ | TUESDAY, MARCH 18, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## प्रहरी महानिरीक्षकमा थापा



**अजवी पौड्याल** | *काठमाडौं*

नेपाल प्रहरीको ३१औं महानिरीक्षकमा दीपक थापा नियुक्त भएका छन्। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले थापालाई आईजी बनाउने निर्णय गरेको हो। सुदीप गिरी र टेकबहादुर तामाङलाई पछि पार्दै थापाले महानिरीक्षकको दौडमा बाजी मारेका हुन्। यसअघि उनी नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्युरो सीआईबीका प्रमुख रहेका थिए।

२०२८ सालको मंसिरमा सूर्यविनायक ८ सिपाडोल भक्तपुरमा जन्मिएका थापा नेपाल प्रहरीमा अब्बल अफिसरका रूपमा चिनिन्थे। सरकारले महानिरीक्षकमा नियुक्त गर्ने निर्णय गरेसँगै उनले करिब ८१ हजार प्रहरी फौजको नेतृत्व सम्हाल्ने छन्। नेपालको शान्ति सुरक्षा र निष्पक्ष अपराध अनुसन्धानको जिम्मेवारी उनको रहनेछ।

२०५२ साल भदौ १९ गते प्रहरी सेवामा प्रवेश गरेका थापा राजनीति शास्त्रमा एमए, जनप्रशासनमा एमपीए र कानुनमा एलएलबी गरेका छन्। उनले विभिन्न देश गएर १४ वटा विदेशी तालिम लिएका छन्। ११ वटा स्वदेशी तालिम प्राप्त गरेका छन्। सुडान र लाइबेरिया गरी यूएन मिसनका लागि २ वटा देशमा गएर काम गरेको अनुभव उनीसँग छ।

२०४९ सालमा बीए उत्तीर्ण गरेका थापाले क्याम्पस नै टप गरेका थिए। पढाइमा निकै अब्बल थापाले निमाविको स्थायी शिक्षकमा नाम निकालेका थिए। कन्या मावि भक्तपुरमा गणित विषय पढाउँदा-पढाउँदै छाडेर उनी नेपाल प्रहरीमा भर्ना भएका हुन्।

उनले नेपाल प्रहरी स्कुलका प्रमुखका रूपमा साँगा, डोटी र रौतहटमा समेत काम गरेका छन्। उनले रुकुम, खोटाङ, सुनसरी, मोरङ, मकवानपुर र चितवनमा जिल्ला प्रहरी प्रमुख भएर काम गरेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रमुखका रूपमा नेतृत्वदायी भूमिका निर्वाह गरेका थापा बागमती प्रदेश प्रहरी कार्यालय प्रमुख हुँदै नेपाल प्रहरी प्रधान कार्यालयको प्रबन्ध निर्देशनालय प्रमुख पनि बनेर जिम्मेवारी पूरा गरिसकेका छन्।

उनले प्रशासन विभाग, प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौं तथा हाल केन्द्रीय अनुसन्धान ब्युरोको नेतृत्व गरिरहेका थिए। प्रहरी सेवामा रहँदा उनले थुप्रै गम्भीर अपराध अनुसन्धानको नेतृत्व गरेका थिए। उनको नेतृत्वमा भुटानी शरणार्थी प्रकरण, टीकापुर जग्गा प्रकरण, सहकारी ठगी मुद्दा, बालमन्दिर जग्गा हिनामिना प्रकरणमा अनुसन्धान भएको थियो। संगठनमा कुशल काम गरेबापत महानिरीक्षक थापाले विभिन्न पदक, प्रशंसापत्र र नगद पुरस्कारहरू प्राप्त गरेका छन्। उनले प्रवल जनसेवा श्री, सुप्रवल जनसेवा श्री तथा संयुक्त राष्ट्रसंघबाट ३ वटा पदकसहित ८ वटा विभूषण प्राप्त गरेका छन्। उत्कृष्ट प्रहरी व्यवस्थापक तथा दैवीप्रकोप व्यवस्थापनमा योगदान पुऱ्याएको भन्दै उनले १६ वटा प्रशंसापत्र तथा २१ वटा नगद पुरस्कार प्राप्त गरेका छन्।

नवनियुक्त महानिरीक्षक दीपक थापा नेपालको प्रहरी संगठनभित्र दृढ नेतृत्व, अनुशासन र दक्षता भएका अधिकृतका रूपमा चिनिन्छन्। अपराध अनुसन्धान, मानव संसाधन व्यवस्थापन तथा विपद् व्यवस्थापनमा विशेष अनुभव उनीसँग छ।

## ट्रम्पले पुटिनसँग वार्ता गर्ने




वासिङ्टन (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग मंगलबार युक्रेन शान्ति वार्ता गर्ने बताएका छन्। वार्ताका क्रममा जमिन, विद्युत् उत्पादन केन्द्र र केही सम्पत्तिको बाँडफाँटका विषयमा पनि छलफल गरिने ट्रम्पले जनाएका छन्। यस वार्ताले रूस र युक्रेनबीच भइरहेको युद्ध रोक्न पनि पहलकदमी गर्ने जनाइएको छ।

मस्कोले अमेरिका र रूसी नेताहरूबीचको फोन वार्ता योजनाबद्ध रहेको पुष्टि गरेको छ तर उनीहरूले के छलफल गर्नेछन् भन्ने विषयमा जानकारी दिएको छैन। यसैबीच युरोपेली संघको विदेश नीति प्रमुख काजा कालासले रूसले शान्ति नचाहेको टिप्पढी गरे। उनले भने, 'रूस वास्तवमा शान्ति चाहँदैन, किनभने ब्रसेल्समा युक्रेनको बारेमा वार्ता भइरहेको छ।'

कभर स्टोरी

# त्यो स्ववियु, यो स्ववियु

आज देशभर त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुँदै छ। नेतृत्व उत्पादन गर्ने थलोका रूपमा रहेको स्ववियु निर्वाचन लामो समयपछि हुन गइरहेको छ। विगतको जस्तो आकर्षण नभए पनि विद्यार्थी संगठनहरू जोडतोडले लागेका छन्। देशभरका ४ सय क्याम्पसमा एकैचोटि स्ववियु निर्वाचन हुन लागेको हो। नेतृत्व उत्पादन गर्ने थलोमा रूपमा लिइने स्ववियु निर्वाचनको पछिल्लो समय आकर्षण घट्दै गएको छ। स्ववियुको निर्वाचन विगतमा मिनि आम निर्वाचनका रूपमा हेरिने गरेको थियो। तर, यसपटक आमरूपमा यसको खासै आकर्षण देखिन्न।






स्वविय निर्वाचनको आकर्षण नै छैन, यो चिन्ताजनक अवस्थामा छ। यो आन्दोलन अघि बढ्ने कि विसर्जन हुने दोसाँधमा छ।

**गुरुराज घिमिरे**, कांग्रेसका युवा नेता, पूर्वसभापति महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर



विगतमा बाहिर गतिविधि नै गर्न पाउँदैन थिए, क्याम्पस केन्द्रित राजनीतिक हुन्थ्यो। अहिले स्थानीय तह, संसद् जताजतै खेल्ने ठाउँ छन्, त्यसैले पनि महत्व घटेको हो।

**दामोदर अर्याल**

एकीकृत समाजवादीका प्रचार विभाग उपप्रमुख, पूर्वसभापति आरआर क्याम्पस, काठमाडौं

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २



स्वविय ले विद्यार्थीमा राजनीतिक सचेतना जगाउँछ, लिडरसिप उत्पादन गरेको गर्छ। अहिले अराजनीतिक प्रवृत्ति हाबी हुनुमा विद्यार्थी आन्दोलन कमजोर हुन हो।

**रश्मी आचार्य**

एमालेका युवा नेता, पूर्वसभापति पीएन क्याम्पस पोखरा

# राजनीतिक द्वन्द्वले धराशायी मधेस कृषि विश्वविद्यालय




**मनिका झा** | *जनकपुरधाम*

मधेस प्रदेश सरकारले प्रादेशिक गौरवको आयोजनामा समावेश गरेको मधेस कृषि विश्वविद्यालय दुई राजनीतिक पार्टीको वैमनश्यताको सिकार बनेको छ।

जनता समाजवादी पार्टी (जसपा) नेपालको तर्फबाट नियुक्त गरिएका उपकुलपति र रजिस्ट्रारलाई हटाउन जनमत पार्टी नेतृत्वको मधेस प्रदेश सरकार लागि परेपछि कृषि विश्वविद्यालयको शैक्षिक माहोल पूर्णतया बिथोलिएको छ।

फागुन २० गते विश्वविद्यालयका कुलपतिसमेत रहेका मुख्यमन्त्री सतिशकुमार सिंहको उपस्थितिमा बसेको विश्वविद्यालय सभाको बैठकले उपकुलपति डा. बैद्यनाथ महतो र रजिस्ट्रार भगवान ठाकुरलाई पदमुक्त गर्ने निर्णय गरेको थियो।

मधेस कृषि विश्वविद्यालयकी सहकुलपति रहेकी शिक्षा तथा संस्कृतिमन्त्री रानी तिवारीसमेतको उपस्थितिमा गरिएको निर्णय २० गते भए पनि सरकारले २२ गते मात्रै दुवै जनालाई पदमुक्त गरिएको भनि परिपत्र गरेको थियो। तर, सरकारको यस निर्णयका विरुद्ध उपकुलपति डा. महतोले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। उक्त रिटको सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश बालकृष्ण ढकालको इजलासले मधेस सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ। इजलासले डा. महतोलाई बर्खास्त गर्नुको कारणसहित छलफलको लागि चैत १२ गते बोलाएको छ।

उपकुलपति महतोले शिक्षा मन्त्रालयद्वारा विश्वविद्यालय उपर छानबिनका लागि गठित छानबिन समितिका अध्यक्ष एवं प्रदेश नीति तथा योजना अयोगका उपाध्यक्ष डा. सोहन साहसहित १३ जनालाई प्रतिवादी बनाउँदै सर्वोच्चमा रिट दायर गरेका थिए।

उपकुलपति महतोलाई बर्खास्त गरिएलगत्तै शिक्षा तथा संस्कृति मन्त्रालय मधेस प्रदेशले फागुन २७ गते नै नयाँ उपकुलपति भर्नाका लागि विज्ञापन समेत आह्वान गरेको थियो।

मधेस कृषि विश्वविद्यालय ऐन, २०७९ को दफा १९ को उपदफा ३ बमोजिम योग्यता पुगेका व्यक्तिहरूले चैत ४ गतेसम्म आवेदन दिन हुन मन्त्रालयबाट प्रकाशित सूचनामा उल्लेख गरिएको छ।

मन्त्रालयले आवेदन पेस गर्न 'कुलपति सिफारिस समिति' को २६ गतेको निर्णयअनुसार सूचना जारी गरिएको समेत उल्लेख छ। 'सरकारले विश्वविद्यालयमा भएका अनियमितता र छानबिन समितिबाट प्राप्त प्रतिवेदनको आधारमा उहाँहरूलाई सिनेटको बहुमत निर्णयबाट पदमुक्त गरेका हौं' मधेस प्रदेशकी शिक्षा, स्वास्थ्य तथा संस्कृतिमन्त्री रानी तिवारीले भनिन्, 'अदालतबाट यस निर्णयको विरुद्धमा अन्तरिम आदेश भएको कुरा मैले पनि सञ्चारमाध्यमबाट नै थाहा पाएकी हुँ। अब अगाडि हामीलाई औपचारिक जानकारी आएपछि सरकार प्रक्रियागत रूपमा अघि बढ्छ।'

**जसपा र जनमतबीचको विवाद**

मधेस प्रदेशमा जसपा नेपाल नेतृत्वको मोहम्मद लालबाबु राउत मुख्यमन्त्री भएको बेला मधेस कृषि विश्वविद्यालयको स्थापना भएको थियो। २०७८ मंसिर २७ गते तत्कालीन मधेस प्रदेशका मुख्यमन्त्री तथा विश्वविद्यालयका कुलपतिसमेत रहेका लालबाबु राउत, जसपा अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव, मधेस प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्रप्रसाद साह र सामाजिक विकासमन्त्री नवलकिशोर साहले संयुक्त रूपमा सप्तरीको राजविराजमा विश्वविद्यालयको उद्घाटन गरेका थिए।

» बाँकी पृष्ठ ६

# कर्णालीमा मेडिकल शिक्षा पढाउन पाँच विकल्प सुझाव



**मुख्यमन्त्री यामलाल कँडेललाई प्रतिवेदन बुझाउँदै समितिका संयोजक डा. भगवान कोइराला।**

**ललितबहादुर बुढा** | *सुर्खेत*

उच्चस्तरीय अध्ययन समितिले कर्णालीमा मेडिकल शिक्षा पढाउन पाँच वटा विकल्प दिएको छ। कर्णाली प्रदेश सरकारले गठन गरेको समितिले प्रदेश अस्पताल सुर्खेतलाई आधार बनाएर मेडिकल शिक्षा पढाउन सकिने सुझाव दिएको हो। वीरेन्द्रनगरस्थित प्रदेश अस्पताललाई स्तरोन्नति गरेर मेडिकल शिक्षा पढाउन सकिने र त्यसका लागि विभिन्न पाँचवटा विकल्प सहितको प्रतिवेदन समितिले प्रदेश सरकारलाई बुझाएको छ।

कर्णालीको मुख्य समस्या स्वास्थ्य जनशक्तिको अभाव हो। स्वास्थ्य जनशक्तिको अभावमा कर्णालीवासीले सहज रूपमा स्वास्थ्य सेवा पाउन सकिरहेका छैनन्। यही समस्याको दिगो समाधान गर्न र कर्णालीमै दक्ष स्वास्थ्य जनशक्ति उत्पादन गर्न मेडिकल शिक्षा पढाउने प्रदेश सरकारको तयारी छ।

यहीकारण प्रदेश सरकारले चार महिनाअघि वरिष्ठ मुटुरोग विशेषज्ञ प्राडा भगवान् कोइरालाको नेतृत्वमा उच्चस्तरीय अध्ययन समिति गठन गरेको थियो। सोही समितिले कर्णालीमा मेडिकल शिक्षा पढाउन सम्भव भएको र त्यसका लागि विभिन्न विकल्पहरू सुझाएको हो। समितिले प्रदेश अस्पतालको स्तरोन्नति गरेर मेडिकल शिक्षा प्रदान गर्न सकिने प्रतिवेदन तयार पारेको छ।

» बाँकी पृष्ठ ६